पोखरा लेखनाथ महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ पोखरा खण्ड : ४ २०७५ जेठ ५ गते

भाग २ अंक १

पोखरा लेखनाथ महानगरपालिकाको

## स्मार्ट सिटि हव परियोजना सञ्चालन कार्यविधि २०७४

### प्रस्तावना

यस पोखरा लेखनाथ महानगरपालिका क्षेत्रफलका हिसावले नेपालको सवै भन्दा ठुलो महानगरपालिका हो । पर्यटनका दृष्ट्रिकोणले एसिया क्षेत्रको मुटु मानिने यस शहरलाई गुणस्तरिय सुविधा सम्पन्न शान्त वातावरण र व्यवस्थित शहर निर्माणका लागि आधुनिक सूचना तथा संचार प्रविधिमा (ICT) मात्र यो लक्ष्य प्राप्ती हुने र हाम्रा अगाडि भएका गरिवि निवारण मानव अधिकार शंरक्षण संघीय व्यवस्था अनुसारको नयाँ कानून निर्माण र प्रयोग गर्ने, हराभरा सुन्दर सफा व्यवस्थित पर्यटकीय शहर निर्माणका लागि स्मार्ट सिटी वनाउनका लागि वाञ्चनीय भएकाले स्थानिय सरकार सञ्चालनका सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०७४ को दफा ११ को उप-दफा ७ को अधिकार प्रयोग गरि पोखरा लेखनाथ स्मार्ट सिटि सञ्चालन कार्यविधि २०७४ निर्माण गरि कार्यन्वयनमा ल्याईएको छ ।

## उदेश्य

एकिकृत शहरी विकासको दृष्ट्रिकोणले सुचना संचार र प्रविधि मार्फत शहरी सेवा सुविधा र श्रोत साधनको सुरक्षित तवरले उच्चतम र नविनतम प्रयोग मार्फत नगरवासीहरुमा सुधारिएको सेवा प्रदान गर्ने उदेश्य राखि यो परियोजना शुरु गर्न लागिएको छ ।

## परिच्छेद- १

### १. संक्षिप्त नाम र प्रारम्भः-

१. यो कार्यविधिको नाम- “स्मार्ट सिटि हव परियोजना सञ्चालन कार्यविधि २०७४” रहने छ ।

२. यो कार्यविधि पोखरा लेखनाथ महानगर कार्यपालिका वाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

### २. परिभाषाः-

१. कार्यविधि- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधि भन्नाले पोखरा लेखनाथ महानगरको स्मार्ट सिटि निर्माण गर्न परियोजना सञ्चालन गर्ने ‘कार्यविधि’ भन्ने वुझ्नु पर्दछ ।

२. समिति- “समिति” भन्नाले स्मार्ट सिटि हव परियोजना सञ्चालन गर्न वनेको समिति सम्झनु पर्दछ ।

३. संयोजक- “संयोजक” भन्नाले स्मार्ट सिटि हव परियोजनाका लागि वनेको समितिको मुख्य व्यक्ति महानरपालिका प्रमुख लाई भन्ने वुझ्नु पर्दछ ।

४. निर्णय- “निर्णय” भन्नाले मिति २०७४।०६।२९ मा गठित नगर प्रमुखको संयोजकत्वमा वनेको समितिको निर्णय भन्ने वुझ्नु पर्दछ ।

५. कार्यालय- ‘कार्यालय” भन्नाले पोखरा लेखनाथ महानगरपालिका कार्यालय अन्तर्गत रहेको स्मार्ट सिटि हव परियोजनाको कार्यालय भन्ने वुझनु पर्दछ ।

## परिच्छेद- २

१. स्मार्ट सिट हवको कार्यालयः- स्मार्ट सिटि हव सञ्चालनको लागि स्मार्ट सिटि हव शाखा महानगरपालिका भित्र रहेने छ ।

२. स्मार्ट सिटि हवको छापः- स्मार्ट सिटि हवको छाप समितिले तोके वमोजिमको हुने छ ।

## परिच्छेद- ३

### १. स्मार्ट सिटि हवको परियोजना सञ्चालनः-

स्मार्ट सिटि परियोजना सञ्चालन गर्नका लागि महानगरपालिका सँग सहकार्य गर्न चाहने संस्था वाट तयार भएको समझदारीको (Memorandum Of under standing (MoU) वमोजिम महानगरपालिका वाट स्विकृत गरि कार्य सञ्चालनको जिम्मा दिएको संस्थावाट सञ्चालक समितिले निर्णय गरे वमोजिमको परियोजना सञ्चालन हुनेछ ।

### २. स्मार्ट सिटि हव परियोजना सञ्चालक समितिः-

संयोजक- श्री मान वहादुर जि.सि. (नगर प्रमुख)

सदस्य- श्री लेख वहादुर तमाङ -वडा अध्यक्ष १३ नं. वडा)

सदस्य- श्री नारायण प्रसाद शर्मा (वरिष्ठ कानून अधिकृत)

सदस्य- श्री राजेन्द्र प्रसाद पौडेल (प्रतिनिधि न्यू आईटी भेन्चर नेपाल)

सदस्य- श्री ध्रुव पोख्रेल (..............................)

सदस्य सचिव- श्री सर्मिला गौतम (सुचना अधिकृत प्रा.)

सदस्य- संयोजकले तोकेका (आमन्त्रित) विषय विशेषज्ञ समाज सेवी तथा जनप्रतिनिधि वाट थप ३ जना

**३. समितिको काम कर्तव्य र अधिकारः-**

महानगरपालिका वाट स्मार्ट सिटि हव सञ्चालनका लागि भए गरेका निर्णय कार्यन्वयन गर्ने, परियोजना सञ्चालनको लागि महानगरपालिकाको तर्फवाट सम्झौता गर्ने, परियोजनाको अनुगमन मुल्याङ्कन, समन्वय एवं प्रभावकारी कार्य सञ्चालनमा आवश्यक पर्ने विषयहरुमा समितिवाट निर्णय गरि महानगरपालिका नगर कार्यपालिका समक्ष स्विकृतिको लागि पेश गर्ने ।

**४. संयोजकको काम कर्तव्य र अधिकारः-**

समितिको वैठकको अध्यक्षता गर्ने, परियोजना सञ्चालनमा आईपरेको वाधा अडकाउ फुकाउने ।

**५. सदस्य सचिवको काम कर्तव्य र अधिकारः-**

समितिको वैठक वोलाउने, निर्णय लेख्ने निर्णय कार्यन्वयनका लागि सहजकर्ताको रुपमा कार्य गर्ने ।

**६. सदस्यहरुको काम कर्तव्य र अधिकारः-**

समितिको वैठकमा भाग लिने, परियोजना सञ्चालनमा आवश्यक सहयोग गर्ने अनुगमन मुल्याङ्कनमा सहभागी हुने ।

## परिच्छेद- ४

**१ परियोजना सञ्चालनको लागि कोषको व्यवस्थाः-**

स्मार्ट सिटि हव परियोजना सञ्चालनको लागि आवश्यक पर्ने कोषको व्यवस्था महानगरपालिका र सहकार्य गर्ने संस्था विच हुने सम्झौता वमोजिम हुनेछ ।

**२. परियोजना सञ्चालनका लागि आवश्यक पर्ने जनशक्तिः-**

स्मार्ट सिटि हव परियोजना सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति महानगरपालिका र सहकार्य गर्ने संस्था विच हुने सम्झौता वमोजिम हुनेछ ।

## परिच्छेद- ५

**१. समिति सदस्यमा हेरफेरः-**

स्मार्ट सिटि हव परियोजना सञ्चालक समितिका सदस्यहरु समितिको निर्णय वमोजिम हेरफेर हुन सक्नेछन् ।

**२. परियोजना सञ्चालनको मापदण्डः-**

स्मार्ट सिटि हव परियोजना सञ्चालनका शर्त एवं मापदण्डहरु महानगरपालिका र सहकार्य गर्ने संस्था विच हुने सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।

## परिच्छेद- ६

१. यो कार्यविधि नगरकार्यपालिकाको वैठकवाट शंशोधन गर्न सकिनेछ ।

२. सञ्चालक समितिको पदावधि २ वर्षको हुनेछ । थप गर्न पनि सकिने छ ।

३. यो कार्यविधि नेपाल राज्यको संविधान तथा अन्य प्रचलित कानून सँग वाभिएको हकमा स्वतः अमान्य हुनेछ ।

**प्रमाणीकरण मितिः**
**राजपत्रमा प्रकाशित मितिः २०७५।०२।०७**

आज्ञाले,
दीर्घनारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत